# चन्द्रागिरि नगरपालिका


चन्द्रागिरि नगरपालिका


# स्थानीय राजपत्र

**खण्डः ९** **संख्याः ४** **मितिः वैशाख ३१ गते, २०८३**


## भाग २
## सम्वत् २०८३ सालको कार्यविधि नम्बर ३

## “स्वस्थ सहर कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३”

**प्रस्तावनाः**

नेपालको संविधानको धारा ३५ ले प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्ने मौलिक हक सुनिश्चित गरेको छ तथा संविधानको अनुसूची-८ बमोजिम स्वास्थ्य, सरसफाइ तथा पोषणसम्बन्धी अधिकार स्थानीय तहलाई प्रदान गरिएको छ । चन्द्रागिरी नगरपालिकाको स्थानीय स्वास्थ्य सेवा ऐन, २०८२ को दफा ६१ र ६२ बमोजिम ऐनको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक नियम, मापदण्ड तथा कार्यविधि निर्माण गर्ने अधिकार नगर कार्यपालिकामा निहित रहेको छ ।

साथै, बागमती प्रदेश सरकारद्वारा जारी “स्वस्थ सहर कार्यान्वयन निर्देशिका, २०८२” को मर्म अनुरूप तथा चन्द्रागिरी नगरपालिका क्षेत्रमा बढ्दो शहरीकरण, जनसंख्या चाप, वातावरणीय प्रदूषण, नसर्ने रोगहरूको वृद्धि, सरसफाइ तथा जीवनशैलीसँग सम्बन्धित चुनौतीहरूलाई सम्बोधन गर्न समन्वित तथा बहु-क्षेत्रीय प्रयास आवश्यक देखिएको छ ।

यसै सन्दर्भमा विश्व स्वास्थ्य संगठनद्वारा प्रवर्द्धित स्वस्थ सहर अवधारणालाई स्थानीय सन्दर्भ अनुकूल कार्यान्वयन गर्दै नगरवासीको स्वास्थ्य प्रवर्द्धन, रोग रोकथाम, स्वास्थ्य सेवामा पहुँच विस्तार तथा स्वच्छ, सुरक्षित र समावेशी शहरी वातावरण निर्माण गर्ने उद्देश्यले,

चन्द्रागिरि नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाले देहायको कार्यविधि बनाई लागू गरेको छ।

## परिच्छेद - १
## प्रारम्भिक

### १.१ संक्षिप्त नाम र प्रारम्भः

(क) यस कार्यविधिको नाम "स्वस्थ सहर कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३" रहनेछ।

(ख) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भई राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ।

### १.२ उद्देश्य

यस कार्यविधिका उद्देश्य देहाय अनुसार हुनेछन्:

(क) नगरवासीको शारीरिक, मानसिक तथा सामाजिक स्वास्थ्य स्तर सुधार गर्नु।

(ख) गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गर्नु।

(ग) स्वास्थ्य असमानता न्यूनीकरण गर्दै सबैका लागि स्वास्थ्य सुनिश्चित गर्नु।

(घ) विश्व स्वास्थ्य संगठनद्वारा प्रवर्द्धित स्वस्थ सहर अवधारणालाई स्थानीय तहमा संस्थागत गर्नु।

(ङ) महामारी, विपद् तथा जलवायुजन्य स्वास्थ्य जोखिमप्रति नगरको तयारी, तत्परता तथा प्रतिकार्य क्षमता सुदृढ गर्नु।

(च) समुदाय सहभागिता र बहु-क्षेत्रीय सहकार्य प्रवर्द्धन गर्नु ।

## १.३ स्वस्थ सहरको अवधारणा

स्वस्थ सहर बहु-क्षेत्रीय समन्वय, नीतिगत एकीकरण, समुदायको सक्रिय सहभागिता तथा दिगो विकासका सिद्धान्तमा आधारित अवधारणा हो । यसले स्वास्थ्यलाई केवल उपचार सेवामा सीमित नगरी सामाजिक, वातावरणीय तथा आर्थिक पक्षसँग एकीकृत रूपमा सम्बोधन गर्दछ ।

## १.४ स्वस्थ सहरका आधारभूत क्षेत्रहरू

स्वस्थ सहर कार्यक्रम निम्न आधारभूत क्षेत्रहरू अनुरूप सञ्चालन गरिनेछः

(क) स्वास्थ्य र कल्याणका लागि नगर शासन प्रणाली सुधार गर्नु

(ख) स्वास्थ्य असमानता न्यूनीकरण

(ग) सबै नीतिहरूमा स्वास्थ्य समावेश गर्ने (Health in All Policies) दृष्टिकोण अपनाउनु ।

(घ) समुदाय विकास र सशक्तीकरण प्रवर्द्धन गर्ने, तथा स्वास्थ्यमैत्री सामाजिक वातावरण निर्माण गर्नु

(ङ) स्वस्थ जीवनशैलीलाई प्रोत्साहन गर्ने भौतिक तथा निर्मित वातावरण विकास गर्नु

(च) स्थानीय स्वास्थ्य तथा सामाजिक सेवाको गुणस्तर र पहुँच सुधार गर्नु

(छ) सबै वर्ग तथा समुदायको आवश्यकता विचार गर्दै, विशेष गरी जोखिममा रहेका तथा सीमान्तकृत समूहलाई प्राथमिकता दिने योजना बनाउनु ।

(ज) स्वास्थ्यसम्बन्धी आपतकालीन अवस्थाहरूको सामना गर्न स्थानीय जनस्वास्थ्य सेवा र क्षमतामा सुदृढीकरण गर्नु ।

(झ) जनस्वास्थ्य आपतकालीन अवस्थाहरूका लागि शहरी तयारी, तत्परता र प्रतिकार्य योजना तयार गर्नु ।

## १.५ परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “**ऐन**” भन्नाले स्थानीय स्वास्थ्य सेवा ऐन, २०८२ लाई सम्झनुपर्छ।

(ख) “**नगरपालिका**” भन्नाले चन्द्रागिरि नगरपालिका सम्झनुपर्छ।

(ग) “**कार्यपालिका**” भन्नाले चन्द्रागिरि नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्छ।

(घ) “**स्वास्थ्य शाखा**” भन्नाले नगर कार्यपालिकाको स्वास्थ्य शाखा सम्झनुपर्छ।

(ङ) “**नगरपालिका क्षेत्र**” भन्नाले नगरपालिकाको भूभाग सम्झनुपर्छ।

(च) “**स्थानीय तह**” भन्नाले चन्द्रागिरि नगरपालिकालाई सम्झिनु पर्दछ।

(छ) “**संयोजक**” भन्नाले नगर प्रमुखलाई सम्झनु पर्दछ।

(ज) “**सहसंयोजक**” भन्नाले नगर उपप्रमुखलाई सम्झनु पर्दछ।

(झ) “**सदस्य सचिव**” भन्नाले सम्बन्धित स्वास्थ्य शाखा प्रमुखलाई सम्झनु पर्दछ।

(ञ) “**सञ्चालन तथा अनुगमन समिति**” भन्नाले दफा २.२ बमोजिम गठित “स्वस्थ सहर कार्यक्रम सञ्चालन तथा अनुगमन समिति” सम्झनुपर्छ।

(ट) “**सम्पर्क व्यक्ति**” भन्नाले दफा २.३ बमोजिम तोकिएको “स्वस्थ सहर कार्यक्रम हेर्ने सम्पर्क व्यक्ति (Healthy City Program Focal Person)” सम्झनुपर्छ।

(ठ) “**स्वास्थ्य संस्था**” भन्नाले सरकारी, निजी, ट्रस्ट वा लोककल्याणकारी संस्थामार्फत सञ्चालित अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्र/क्लिनिक, शहरी स्वास्थ्य केन्द्र तथा आयुर्वेद औषधालय समेतलाई सम्झनुपर्छ।

(ड) “**स्वास्थ्य सेवा प्रदायक**” भन्नाले दफा २.१ बमोजिमका सरकारी/सामुदायिक, निजी तथा ट्रस्ट/लोककल्याणकारी संस्थामार्फत सञ्चालित स्वास्थ्य सेवा प्रदायक निकाय सम्झनुपर्छ।

(ढ) “**स्वस्थ सहर कोष**” भन्नाले स्वस्थ सहर कार्यक्रम सञ्चालनका लागि नगरपालिका, प्रदेश, संघीय सरकार तथा अन्य प्रचलित कानुन

बमोजिम स्रोतबाट प्राप्त रकमलाई जनाउँछ ।

(ण) “**वैकल्पिक तथा परम्परागत चिकित्सा**” भन्नाले आयुर्वेद, आम्ची तथा अन्य मान्य परम्परागत उपचार पद्धतिलाई जनाउँछ ।

(त) “**वडा-स्तरीय समिति**” भन्नाले दफा ३.१ बमोजिम गठित वडा-स्तरीय स्वस्थ सहर समिति सम्झनु पर्छ ।

(थ) “**समुदाय-स्तरीय समिति**” भन्नाले दफा ३.२ बमोजिम गठित समुदाय-स्तरीय स्वस्थ सहर समिति सम्झनु पर्छ ।

(द) “**सूचक**” भन्नाले स्वस्थ सहर कार्यक्रमको प्रगति तथा उपलब्धि मापन गर्न प्रयोग गरिने मापनयोग्य सूचकहरू सम्झनुपर्छ ।

(ध) “**स्वस्थ सहर कार्यक्रम**” भन्नाले स्वास्थ्य प्रवर्द्धन, रोग रोकथाम, वातावरणीय सुधार, सामाजिक समावेशिता तथा स्वस्थ जीवनशैली प्रवर्द्धनमार्फत नगरवासीको स्वास्थ्य स्तर सुधार गर्ने एकीकृत कार्यक्रम सम्झनुपर्छ ।

### १.६ कार्यक्षेत्र

यो कार्यविधि चन्द्रागिरी नगरपालिकाभित्रका सबै वडा, स्वास्थ्य संस्था, निजी तथा सामुदायिक सेवा प्रदायक, शैक्षिक संस्था, सरोकारवाला निकाय तथा स्वस्थ सहर कार्यक्रमसँग सम्बन्धित सबै पक्षहरूमा लागू हुनेछ र सबै सम्बन्धित निकायहरूले यसको पालना गर्नुपर्नेछ ।

## परिच्छेद - २
## संस्थागत तथा व्यवस्थापकीय व्यवस्था

### २.१ स्वस्थ सहर कार्यक्रमका सेवा प्रदायकहरुः

स्थानीय स्तरमा स्वस्थ सहर कार्यक्रममा स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य सेवा प्रदायकहरू देहाय बमोजिम हुनेछन्:

(क) सरकारी वा सामुदायिक सेवा प्रदायक: सरकारी तथा सामुदायिक स्वामित्वमा सञ्चालन भएका नगर अस्पताल, आधारभूत स्वास्थ्य

सेवा केन्द्र, आधारभूत स्वास्थ्य सेवा केन्द्र/क्लिनिक, शहरी स्वास्थ्य केन्द्र, आयुर्वेद औषधालय तथा अन्य सामुदायिक स्वास्थ्य सेवा प्रदायक निकायहरु।

(ख) निजी सेवा प्रदायक: निजी क्षेत्रद्वारा सञ्चालित अस्पताल, नर्सिङ होम, पोलिक्लिनिक, क्लिनिक, प्रयोगशाला, फार्मेसी लगायतका स्वास्थ्य सेवा प्रदायक निकायहरु।

(ग) ट्रस्ट वा लोककल्याणकारी संस्था: प्रचलित कानुनबमोजिम दर्ता भई ट्रस्ट वा लोककल्याणकारी संस्थामार्फत सञ्चालनमा रहेका अस्पताल, स्वास्थ्य संस्था वा अन्य स्वास्थ्य सेवा प्रदायक निकायहरु।

(घ) मापदण्ड तथा नियमन: उपरोक्त सबै स्वास्थ्य सेवा प्रदायकहरूले संघीय, प्रादेशिक तथा स्थानीय तहबाट निर्धारण गरिएका न्यूनतम सेवा मापदण्ड, उपचार प्रोटोकल, गुणस्तरसम्बन्धी निर्देशिका तथा अभिलेख/ रिपोर्टिङ प्रणालीको अनिवार्य रूपमा पालना गर्नुपर्नेछ।

(ङ) दर्ता तथा अनुगमन: सबै स्वास्थ्य सेवा प्रदायकहरूले प्रचलित कानुन बमोजिम दर्ता तथा नवीकरण गर्नुपर्नेछ र नगरपालिकाले तोकेबमोजिम नियमित अनुगमनमा सहयोग गर्नुपर्नेछ।

(च) कारबाही सम्बन्धी व्यवस्था: न्यूनतम मापदण्ड तथा निर्देशिकाको उल्लङ्घन गरेको पाइएमा प्रचलित कानुन बमोजिम आवश्यक कारबाही गरिनेछ।

## २.२ स्वस्थ सहर कार्यक्रम सञ्चालन तथा अनुगमन समिति गठन, काम, कर्तव्य र अधिकार

### २.२.१ गठन

स्वस्थ सहर कार्यक्रमको योजनाबद्ध सञ्चालन, बहु-क्षेत्रीय समन्वय, कार्यान्वयन तथा अनुगमनका लागि नगरपालिका स्तरमा निम्नानुसारको

पदाधिकारी सहितको "स्वस्थ सहर कार्यक्रम सञ्चालन तथा अनुगमन समिति" गठन गरिनेछः

| | |
|---|---|
| नगरपालिका नगर प्रमुख | संयोजक |
| नगरपालिका नगर उपप्रमुख | सह-संयोजक |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| सामाजिक विकास समिति संयोजक | सदस्य |
| वातावरण तथा विपद व्यवस्थापन समिति संयोजक | सदस्य |
| सार्वजनिक सेवा तथा क्षमता विकास समिति संयोजक | सदस्य |
| विधेयक समिति संयोजक | सदस्य |
| आर्थिक विकास समिति संयोजक | सदस्य |
| पूर्वाधार विकास समिति संयोजक | सदस्य |
| वातावरण तथा विपद व्यवस्थापन शाखा प्रमुख | सदस्य |
| महिला, बालबालिका तथा समाज कल्याण शाखा प्रमुख | सदस्य |
| स्थानीय पूर्वाधार विकास शाखा प्रमुख | सदस्य |
| खानेपानी तथा सरसफाई (WASH) ईकाइ प्रमुख | सदस्य |
| शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख | सदस्य |
| रेडक्रस/नागरिक समाज प्रतिनिधि १/१ जना | सदस्य |
| निजी क्षेत्र/सार्वजनिक-निजी साझेदारी (PPP) प्रतिनिधि १ जना | सदस्य |
| दलित, महिला, अपाङ्गता, तथा सीमान्तकृत समुदाय प्रतिनिधि ३ जना | सदस्य |
| नगरस्तरीय बाल क्लबको प्रतिनिधिहरु मध्ये १ जना | सदस्य |
| स्वस्थ सहर कार्यक्रम हेर्ने फोकल पर्सन | सदस्य |
| स्वास्थ्य शाखा प्रमुख | सदस्य सचिव |

आवश्यकता अनुसार ट्राफिक प्रहरी, विकास साझेदार तथा अन्य सरोकारवाला निकाय वा विषय विशेषज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ।

समितिको बैठक सञ्चालन, निर्णय प्रक्रिया तथा कार्यान्वयन सम्बन्धी व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ।

### २.२.२ काम, कर्तव्य तथा अधिकार

स्वस्थ सहर कार्यक्रमको प्रभावकारी, योजनाबद्ध, समन्वित तथा दिगो

कार्यान्वयन, बहु-क्षेत्रीय समन्वय तथा अनुगमन सुनिश्चित गर्न गठन गरिएको स्वस्थ सहर कार्यक्रम सञ्चालन तथा अनुगमन समितिको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछः

**(क) नीति, योजना तथा कार्यक्रमसम्बन्धी कार्य**

१. स्वस्थ सहर कार्यक्रमको दीर्घकालीन सोच, रणनीति, वार्षिक कार्ययोजना (Healthy City Action Plan) तथा प्राथमिकता क्षेत्र निर्धारण गरी नगर कार्यपालिका समक्ष पेश गर्ने।

२. स्वस्थ सहर कार्यक्रमलाई नगरपालिकाको आवधिक योजना, वार्षिक नीति तथा बजेटसँग आबद्ध गरी कार्यान्वयन सुनिश्चित गर्ने।

३. नगरपालिकाका नीति, योजना, कार्यक्रम तथा परियोजनाहरूमा स्वास्थ्य प्रवर्द्धनको दृष्टिकोण (Health in All Policies) समावेश गर्न आवश्यक सिफारिस गर्ने।

४. आधारभूत अवस्था विश्लेषण (Baseline), योजना निर्माण, कार्यान्वयन, अनुगमन तथा पुनरावलोकन प्रक्रिया सुनिश्चित गर्ने।

**(ख) अन्तरविषयगत समन्वय तथा सहकार्य**

१. नगरपालिकाका सबै शाखा, वडा कार्यालय, स्वास्थ्य संस्था तथा सरोकारवाला निकायहरूबीच स्वस्थ सहर कार्यक्रमसम्बन्धी बहु-क्षेत्रीय समन्वय सुनिश्चित गर्ने।

२. शिक्षा, पूर्वाधार, वातावरण, खानेपानी तथा सरसफाइ, महिला, बालबालिका, तथा समाज कल्याण लगायतका क्षेत्रका कार्यक्रमहरूमा स्वास्थ्य प्रभाव समावेश गर्न सहजीकरण गर्ने।

३. संघ, प्रदेश, निजी क्षेत्र, गैरसरकारी संस्था, विकास साझेदार तथा समुदायसँग समन्वय तथा सहकार्य विस्तार गर्ने ।

४. ठूला पूर्वाधार तथा शहरी विकास योजनामा स्वास्थ्य प्रभाव मूल्याङ्कन (Health Impact Assessment) लागू गर्न सिफारिस गर्ने ।

**(ग) प्रदेश तथा संघीय समन्वय र कार्यान्वयन**

१. प्रदेश तथा संघीय स्तरबाट जारी स्वस्थ सहर सम्बन्धी नीति, मापदण्ड तथा निर्देशिकाहरूको स्थानीय स्तरमा कार्यान्वयन, समन्वय तथा अनुगमन गर्ने ।

२. प्रदेश तथा संघीय निकायसँग स्वस्थ सहर कार्यक्रमसम्बन्धी सूचना आदान-प्रदान, समन्वय तथा नियमित प्रतिवेदन गर्ने ।

३. प्रदेश स्तरबाट तोकिएका सूचक, ढाँचा तथा प्रतिवेदन प्रणाली अनुसार स्थानीय स्तरमा तथ्यांक संकलन, विश्लेषण तथा प्रतिवेदन गर्ने ।

**(घ) कार्यक्रम सञ्चालन तथा कार्यान्वयन**

१. स्वीकृत वार्षिक योजना बमोजिम स्वस्थ सहर कार्यक्रम सञ्चालन गर्ने तथा सम्बन्धित शाखा, वडा कार्यालय, स्वास्थ्य संस्था र सरोकारवालासँग समन्वय गर्ने ।

२. स्वास्थ्य प्रवर्द्धन, रोग रोकथाम, नसर्ने रोग नियन्त्रण, मानसिक स्वास्थ्य, पोषण, सरसफाइ, स्वच्छ खानेपानी, वातावरणीय स्वास्थ्य, सडक सुरक्षा लगायतका कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनमा सहजीकरण गर्ने ।

३. आवश्यकता अनुसार विषयगत कार्यदल, वडा तथा समुदाय-

स्तरीय समिति गठन गरी परिचालन गर्ने।

**(ङ) स्रोत परिचालन तथा साझेदारी**

१. स्वस्थ सहर कार्यक्रम सञ्चालनका लागि आवश्यक वित्तीय, भौतिक तथा मानव स्रोतको पहिचान, परिचालन तथा व्यवस्थापनका लागि पहल गर्ने।

२. सार्वजनिक-निजी साझेदारी (PPP), गैरसरकारी संस्था तथा विकास साझेदारहरूसँग सहकार्य तथा साझेदारी विकास गर्ने।

३. प्राविधिक सहयोग, अनुदान तथा नवीन अभ्यास भित्र्याउन पहल गर्ने।

**(च) अनुगमन, मूल्याङ्कन तथा समीक्षा**

१. स्वस्थ सहर कार्यक्रम अन्तर्गत सञ्चालन भएका क्रियाकलाप, सेवा प्रवाह तथा नतिजाको नियमित अनुगमन, निरीक्षण तथा मूल्याङ्कन गर्ने।

२. कार्यक्रमको प्रभावकारिता, गुणस्तर तथा उपलब्धि मूल्याङ्कन गरी सुधारका लागि आवश्यक निर्देशन तथा सिफारिस गर्ने।

३. प्रमुख सूचकहरूको आधारमा त्रैमासिक प्रगति समीक्षा गर्ने तथा वार्षिक प्रगति प्रतिवेदन तयार गरी नगर कार्यपालिका समक्ष पेश गर्ने।

**(छ) समावेशिता तथा लक्षित समूह**

१. स्वास्थ्य सेवा तथा सामाजिक सुरक्षाबाट बञ्चित, जोखिममा परेका तथा सीमान्तकृत समुदाय, वर्ग वा समूहको पहिचान गरी लक्षित कार्यक्रम सञ्चालन सुनिश्चित गर्ने।

२. महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, शहरी गरिब, दलित, एकल महिला तथा अन्य संवेदनशील समूहहरूको स्वास्थ्य पहुँच र सेवामा विशेष ध्यान दिने।

**(ज) पारदर्शिता, उत्तरदायित्व तथा सामाजिक परीक्षण**

१. स्वस्थ सहर कार्यक्रम अन्तर्गत सञ्चालन भएका गतिविधिहरूमा पारदर्शिता, जवाफदेहिता तथा सुशासन सुनिश्चित गर्ने।

२. सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ तथा नागरिक गुनासो/सुझाव संकलन तथा सम्बोधन गर्ने संयन्त्र सञ्चालन गर्ने।

३. कार्यक्रम तथा खर्चसम्बन्धी विवरण आवश्यकतानुसार सार्वजनिक गर्ने।

**(झ) आपतकालीन तयारी तथा सार्वजनिक स्वास्थ्य क्षमता सुदृढीकरण**

१. महामारी, प्राकृतिक विपद्, जलवायुजन्य जोखिम तथा अन्य सार्वजनिक स्वास्थ्य आपतकालीन अवस्थाको तयारी, प्रतिकार्य तथा पुनर्स्थापनाका लागि समन्वय गर्ने।

२. द्रुत प्रतिक्रिया टोली गठन, परिचालन तथा क्षमता अभिवृद्धि (तालिम) मा सहजीकरण गर्ने।

३. आपतकालीन तयारी योजना (Preparedness Plan) तयार तथा अद्यावधिक गर्ने।

**(ञ) अन्य कार्य तथा अधिकार**

१. स्वस्थ सहर कार्यक्रम कार्यान्वयनका क्रममा देखा पर्ने समस्या, अवरोध तथा जोखिम समाधानका लागि आवश्यक सिफारिस नगर कार्यपालिका तथा सम्बन्धित निकायमा पेश गर्ने।

२. कार्यक्रम प्रभावकारी बनाउन आवश्यक नीति, कार्यविधि तथा मापदण्ड संशोधनका प्रस्ताव पेश गर्ने।

३. प्रचलित कानुन तथा नगर कार्यपालिकाबाट तोकिएका अन्य जिम्मेवारीहरू सम्पन्न गर्ने।

**(ट) लेखा तथा वित्तीय व्यवस्थापन**

१. समितिसँग सम्बन्धित आर्थिक कारोबार, लेखा व्यवस्थापन तथा लेखा परीक्षण प्रचलित कानुन तथा नगरपालिकाको वित्तीय नियमावली बमोजिम गरिनेछ।

२. स्वस्थ सहर कार्यक्रम अन्तर्गतको कोष तथा खर्चको पारदर्शी व्यवस्थापन सुनिश्चित गरिनेछ।

## २.३ स्वस्थ सहर कार्यक्रम हेर्ने सम्पर्क व्यक्ति (Healthy City Program Focal Person)

### २.३.१ नियुक्ति

स्वस्थ सहर कार्यक्रमको प्रभावकारी समन्वय, कार्यान्वयन, अनुगमन तथा प्रतिवेदन व्यवस्थापन सुनिश्चित गर्न नगरपालिकाले एक जना "स्वस्थ सहर कार्यक्रम हेर्ने सम्पर्क व्यक्ति (Healthy City Program Focal Person)" तोक्नेछ।

### २.३.२ सम्पर्क व्यक्तिको योग्यता

सम्पर्क व्यक्ति देहाय बमोजिमको योग्यता पूरा गरेको हुनुपर्नेछः

(क) नगरपालिकाको स्थायी कर्मचारी भएको।

(ख) जनस्वास्थ्य विषयमा कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण गरेको।

(ग) जनस्वास्थ्य वा स्वास्थ्य कार्यक्रम व्यवस्थापनसम्बन्धी क्षेत्रमा

कम्तीमा १० वर्षको कार्यअनुभव भएको।

(घ) प्रतिवेदन लेखन, तथ्यांक संकलन तथा विश्लेषण, तथा बहु-क्षेत्रीय समन्वयमा दक्षता भएको।

**२.३.३ नियुक्ति प्रक्रिया**

उपदफा २.३.२ बमोजिमको योग्यता पूरा गर्ने कार्यरत कर्मचारीमध्येबाट नगरपालिकाले तोके बमोजिम स्वस्थ सहर कार्यक्रम हेर्ने सम्पर्क व्यक्ति तोकिनेछ। हाल कार्यरत सम्पर्क व्यक्ति यस कार्यविधि बमोजिमको सम्पर्क व्यक्ति मानिनेछ।

**२.३.४ सम्पर्क व्यक्तिको काम, कर्तव्य तथा जिम्मेवारी**

(क) स्वस्थ सहर कार्यक्रमअन्तर्गत सञ्चालन हुने सबै गतिविधिको समग्र समन्वय गर्ने।

(ख) स्वस्थ सहर कार्यक्रम सञ्चालन तथा अनुगमन समिति, वडा-स्तरीय समिति तथा सम्बन्धित निकायबीच सम्पर्क, सूचना प्रवाह तथा समन्वय सुनिश्चित गर्ने।

(ग) स्वस्थ सहर कार्यक्रमको वार्षिक कार्ययोजना (Healthy City Action Plan) तर्जुमा, अद्यावधिक तथा कार्यान्वयनमा सहजीकरण गर्ने।

(घ) कार्यक्रमसम्बन्धी तथ्यांक संकलन, अभिलेख व्यवस्थापन, विश्लेषण तथा त्रैमासिक र वार्षिक प्रगति प्रतिवेदन तयार गर्ने।

(ङ) स्वास्थ्य सूचनाको व्यवस्थापनका लागि HMIS/DHIS प्रणालीको प्रयोग तथा अद्यावधिक सुनिश्चित गर्ने।

(च) नगरपालिकामा लागू भएका स्वस्थ सहर कार्यक्रमसँग सम्बन्धित प्रमुख सूचकहरूको अनुगमन तथा अद्यावधिक गर्ने।

(छ) सबै नीति तथा कार्यक्रममा स्वास्थ्य समावेश (Health in All Policies) कार्यान्वयनका लागि विषयगत शाखाहरूलाई प्राविधिक सहजीकरण गर्ने।

(ज) महामारी, विपद् तथा अन्य सार्वजनिक स्वास्थ्य आपतकालीन अवस्थासम्बन्धी सूचना संकलन, समन्वय तथा प्रतिवेदन गर्ने।

(झ) संघीय, प्रादेशिक तथा अन्य सरोकारवाला निकायसँग स्वस्थ सहर कार्यक्रमसम्बन्धी समन्वय गर्ने।

(ञ) स्वस्थ सहर कार्यक्रमका असल अभ्यास, सिकाइ र नवप्रयोगहरूको दस्तावेजीकरण गर्ने।

(ट) नगर कार्यपालिकाले तोकेका अन्य कार्यहरू सम्पन्न गर्ने।

### २.३.५ सेवा सुविधा

सम्पर्क व्यक्तिलाई नगरपालिकाले तोकेबमोजिम प्रोत्साहन भत्ता, तालिम तथा क्षमता अभिवृद्धि अवसर प्रदान गर्न सकिनेछ।

### २.३.६ उत्तरदायित्व

सम्पर्क व्यक्ति प्रशासनिक रूपमा स्वास्थ्य शाखा प्रमुखप्रति उत्तरदायी हुनेछ र कार्यसम्पादन मूल्याङ्कन वार्षिक रूपमा गरिनेछ।

## परिच्छेद - ३

## वडा-स्तरीय तथा समुदाय-स्तरीय स्वस्थ सहर समिति सम्बन्धी व्यवस्था

### ३.१ वडा-स्तरीय स्वस्थ सहर समिति

### ३.१.१ गठन

चन्द्रागिरी नगरपालिकाभित्र स्वस्थ सहर कार्यक्रमलाई वडा स्तरमा योजनाबद्ध, समन्वित तथा प्रभावकारी रूपमा कार्यान्वयन गर्न प्रत्येक वडामा “वडा-स्तरीय

स्वस्थ सहर समिति" गठन गरिनेछ।

| विवरण | पद |
|---|---|
| वडा अध्यक्ष | संयोजक |
| वडा सदस्य सबै | सदस्य |
| सामुदायिक स्वास्थ्य नर्स | सदस्य |
| महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरु सबै | सदस्य |
| विद्यालय प्रतिनिधि १ जना | सदस्य |
| युवा क्लब प्रतिनिधि १ जना | सदस्य |
| टोल विकास संस्था प्रतिनिधि १ जना | सदस्य |
| महिला प्रतिनिधि १ जना | सदस्य |
| ज्येष्ठ नागरिक प्रतिनिधि १ जना | सदस्य |
| अपाङ्गता भएका व्यक्ति प्रतिनिधि १ जना | सदस्य |
| शहरी गरिब/विपन्न समुदाय प्रतिनिधि १ जना | सदस्य |
| स्थानीय प्रहरी प्रतिनिधि | सदस्य |
| बाल क्लब प्रतिनिधि १ जना | सदस्य |
| सम्बन्धित आधारभूत स्वास्थ्य सेवा केन्द्र प्रमुख | सदस्य सचिव |

आवश्यकता अनुसार अन्य सरोकारवाला निकायका प्रतिनिधिहरूलाई समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ।

## ३.१.२ काम, कर्तव्य तथा अधिकार

(क) नगरपालिकाद्वारा स्वीकृत स्वस्थ सहर कार्यक्रमको वार्षिक कार्ययोजनाका आधारमा वडा स्तरमा कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने।

(ख) स्वास्थ्य प्रवर्द्धन, सरसफाइ, पोषण, नसर्ने रोग नियन्त्रण, मानसिक स्वास्थ्य तथा वातावरणीय स्वास्थ्यसम्बन्धी कार्यक्रम सञ्चालनमा समन्वय गर्ने।

(ग) जोखिममा परेका तथा सीमान्तकृत समुदायको पहिचान गरी सेवा पहुँच सुनिश्चित गर्न सहयोग गर्ने।

(घ) सामुदायिक स्वास्थ्य नर्स तथा स्वयंसेविकाको परिचालन र कार्यसमन्वय गर्ने ।

(ङ) वडा स्तरमा स्वास्थ्यसम्बन्धी तथ्यांक संकलन, अभिलेख व्यवस्थापन तथा प्रतिवेदन तयार गरी नगर स्वास्थ्य शाखामा पेश गर्ने ।

(च) महामारी, विपद् तथा सार्वजनिक स्वास्थ्य आपतकालीन अवस्थाहरूमा वडा स्तरमा समन्वय तथा सहजीकरण गर्ने ।

(छ) समुदाय-स्तरीय स्वस्थ सहर समिति गठन तथा परिचालनका लागि सिफारिस गर्ने ।

(ज) स्वस्थ सहर कार्यक्रमको अनुगमन तथा मूल्याङ्कनमा सहयोग गर्ने ।

(झ) स्वास्थ्यसम्बन्धी गुनासो, सुझाव तथा पृष्ठपोषण संकलन गरी सम्बन्धित निकायमा पेश गर्ने ।

## ३.२ समुदाय-स्तरीय स्वस्थ सहर समिति

### ३.२.१ गठन

स्वस्थ सहर कार्यक्रमलाई समुदाय स्तरमा प्रभावकारी रूपमा कार्यान्वयन गर्न वडा-स्तरीय स्वस्थ सहर समितिको सिफारिस तथा आवश्यकता अनुसार टोल वा बस्ती स्तरमा "समुदाय-स्तरीय स्वस्थ सहर समिति" गठन गर्न सकिनेछ ।

| **विवरण** | **पद** |
|---|---|
| वडा अध्यक्षले तोकेको वडा सदस्य | संयोजक |
| टोल विकास संस्था अध्यक्षहरु | सदस्य |
| महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका | सदस्य |
| विद्यालय प्रतिनिधि | सदस्य |
| युवा क्लब/ बाल क्लब (१/१ जना) | सदस्य |
| महिला/जेष्ठ नागरिक/अपाङ्गता भएका ब्यक्ति/ विपन्न प्रतिनिधि (१/१/१/१ जना) | सदस्य |
| धार्मिक संघ संस्था प्रतिनिधि | सदस्य |

| | |
|---|---|
| रेडक्रसका स्वयमसेवक प्रतिनिधि | सदस्य |
| वडा अध्यक्षले तोकेको सम्बन्धित स्वास्थ्य संस्था प्रमुख | सदस्य |
| सामुदायिक स्वास्थ्य नर्स | सदस्य सचिव |

### ३.२.२ काम, कर्तव्य र अधिकार

समुदाय-स्तरीय स्वस्थ सहर समितिको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछः

(क) समुदाय स्तरमा स्वस्थ सहर कार्यक्रम अन्तर्गत स्वास्थ्य प्रवर्द्धन, सरसफाइ, पोषण, नसर्ने रोग, मानसिक स्वास्थ्य तथा वातावरणीय स्वास्थ्यसम्बन्धी जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन तथा सहजीकरण गर्ने।

(ख) समुदायभित्र रहेका जोखिममा परेका, सीमान्तकृत, दलित तथा सेवा पहुँचबाट वञ्चित व्यक्ति वा परिवारको पहिचान गरी महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका तथा सामुदायिक स्वास्थ्य नर्समार्फत स्वास्थ्य संस्थासँग समन्वय गर्ने।

(ग) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, तथा अन्य समुदायस्तरीय स्वयंसेवकहरूको परिचालन र कार्यसमन्वयमा सहयोग गर्ने।

(घ) समुदायमा देखिने रोगको प्रकोप, महामारी, विपद् वा अन्य सार्वजनिक स्वास्थ्य आपतकालीन अवस्थाको प्रारम्भिक सूचना संकलन गरी वडा-स्तरीय स्वस्थ सहर समिति, सामुदायिक स्वास्थ्य नर्स तथा सम्बन्धित स्वास्थ्य संस्थालाई जानकारी गराउने।

(ङ) समुदायबाट प्राप्त स्वास्थ्यसम्बन्धी गुनासो, सुझाव, आवश्यकता तथा पृष्ठपोषण संकलन गरी वडा-स्तरीय स्वस्थ सहर समितिमा पेश गर्ने।

(च) समुदायस्तरमा सञ्चालन भएका स्वस्थ सहर कार्यक्रमका गतिविधिहरूको प्रगति विवरण सामुदायिक स्वास्थ्य नर्समार्फत वडा-स्तरीय स्वस्थ सहर समितिमा पेश गर्ने।

(छ) वडा-स्तरीय स्वस्थ सहर समितिबाट प्राप्त निर्देशन, नीति तथा कार्ययोजनाको समुदायस्तरमा कार्यान्वयनमा सहयोग गर्ने।

(ज) समुदायस्तरमा सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ तथा स्वास्थ्यसम्बन्धी सचेतनामूलक अभियान सञ्चालनमा सहजीकरण गर्ने।

(झ) स्वस्थ सहर कार्यक्रमसँग सम्बन्धित अन्य कार्यहरू वडा-स्तरीय स्वस्थ सहर समितिले तोकेबमोजिम सम्पन्न गर्ने।

## ३.३ बैठक तथा कार्य सञ्चालन

३.३.१ वडा-स्तरीय तथा समुदाय-स्तरीय स्वस्थ सहर समितिको बैठक आवश्यकता अनुसार, तर कम्तीमा त्रैमासिक रूपमा एक पटक बस्नेछ।

३.३.२ सम्बन्धित समितिको बैठक संयोजकको अध्यक्षतामा सञ्चालन हुनेछ।

३.३.३ समितिबाट गरिएका निर्णयहरू सम्बन्धित निकायहरूसँग समन्वय गरी कार्यान्वयन गरिनेछ।

३.३.४ वडा-स्तरीय समितिबाट गरिएका निर्णयहरूको कार्यान्वयन वडा कार्यालय तथा सम्बन्धित स्वास्थ्य संस्थासँगको समन्वयमा गरिनेछ। समुदाय-स्तरीय समितिबाट गरिएका निर्णयहरूको कार्यान्वयनमा सामुदायिक स्वास्थ्य नर्सले प्राविधिक सहजीकरण गर्नेछ।

३.३.५ समितिको बैठकको कार्यसूची, निर्णय तथा कार्यवृत्त अभिलेख राखिनेछ र आवश्यकतानुसार सम्बन्धित निकायमा पेश गरिनेछ।

## ३.४ सेवा सुविधा सम्बन्धी व्यवस्था

३.४.१ स्वस्थ सहर कार्यक्रम अन्तर्गत गठित वडा-स्तरीय तथा समुदाय-स्तरीय समितिका सदस्यहरू स्वयंसेवी आधारमा कार्य गर्नेछन्।

३.४.२ समितिको बैठकमा सहभागिता जनाएबापत बैठक भत्ता नगरपालिकाको प्रचलित नियम, कार्यविधि तथा बजेटको सीमाभित्र रही उपलब्ध गराउन सकिनेछ।

३.४.३ समिति सदस्यलाई नियमित तलब, भत्ता वा अन्य स्थायी आर्थिक सुविधा प्रदान गरिने छैन।

३.४.४ स्वस्थ सहर कार्यक्रम अन्तर्गतका क्रियाकलापहरू सञ्चालनका क्रममा प्रत्यक्ष रूपमा कार्य सम्पादन गर्ने स्वास्थ्यकर्मी, सामुदायिक स्वास्थ्य नर्स, स्वास्थ्य अभियानकर्ता तथा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई नगरपालिकाले तोकेबमोजिम सेवा सुविधा, प्रोत्साहन भत्ता वा अन्य सुविधा उपलब्ध गराउन सकिनेछ।

## परिच्छेद - ४

## औषधि तथा स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण सम्बन्धी व्यवस्था

### ४.१ वार्षिक खरिद योजना बनाउनु पर्ने:

४.१.१ स्वस्थ सहर कार्यक्रमको लागि औषधि तथा स्वास्थ्य उपकरणको अनुमान र खरिद गर्न वार्षिक खरिद योजना बनाई स्वीकृत गराउनु पर्नेछ।

४.१.२ उक्त योजना जनस्वास्थ्य शाखाको समन्वयमा आवश्यकता आंकलन (Need Assessment) का आधारमा तयार गरिनेछ।

४.१.३ वार्षिक खरिद योजना तयार गर्दा सेवा क्षेत्र, जनसंख्या, रोगको अवस्था तथा प्राथमिकता कार्यक्रमहरूलाई आधार मानिनेछ।

### ४.२ औषधि तथा स्वास्थ्य उपकरण खरिद

४.२.१ औषधि तथा स्वास्थ्य उपकरणको खरिद कार्य प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली तथा स्थानीय कानुन बमोजिम पारदर्शी, प्रतिस्पर्धात्मक तथा उत्तरदायी प्रक्रियाबाट गरिनेछ।

४.२.२ खरिद प्रक्रिया सञ्चालन गर्दा गुणस्तर, मूल्य, म्याद तथा आवश्यक प्राविधिक मापदण्डलाई विशेष ध्यान दिइनेछ।

४.२.३ खरिद गरिने औषधि तथा उपकरणहरू स्वीकृत सूची तथा राष्ट्रिय/प्रादेशिक मापदण्ड अनुरूप हुनुपर्नेछ।

## ४.३ औषधि तथा स्वास्थ्य उपकरणको भण्डारण, वितरण तथा पारदर्शिता

४.३.१ खरिद गरिएको औषधि तथा स्वास्थ्य उपकरणहरूको सुरक्षित भण्डारणको व्यवस्था नगरपालिका जनस्वास्थ्य शाखाले प्रचलित मापदण्ड अनुसार मिलाउनेछ।

४.३.२ औषधि तथा उपकरणहरूको उचित व्यवस्थापनका लागि म्याद नियन्त्रण (Expiry Management), पहिलो आएको पहिले प्रयोग (FIFO/FEFO) प्रणाली तथा नियमित अभिलेख अद्यावधिक गरिनेछ।

४.३.३ औषधि तथा स्वास्थ्य उपकरणहरू आवश्यकता तथा प्राथमिकताको आधारमा सम्बन्धित स्वास्थ्य संस्थाहरूमा वितरण गरिनेछ र वितरणसम्बन्धी अभिलेख व्यवस्थित रूपमा राखिनेछ।

४.३.४ औषधि तथा उपकरणहरूको गुणस्तर सुनिश्चित गर्न नियमित निरीक्षण, परीक्षण तथा अनुगमन गरिनेछ। म्याद नाघेका वा गुणस्तरहीन औषधि तथा उपकरणहरू प्रचलित कानुन बमोजिम व्यवस्थापन तथा नष्ट गरिनेछ।

४.३.५ स्वस्थ सहर कार्यक्रमका लागि नगरपालिकाले खरिद गरेको औषधि तथा उपकरणहरूको कुल परिमाण, लागत तथा विवरण खरिद मितिको एक हप्ता भित्र सार्वजनिक गरिनेछ।

४.३.६ दात्री निकायबाट प्राप्त औषधि तथा उपकरणहरूको अभिलेख राखी वार्षिक रूपमा विवरण सार्वजनिक गरिनेछ।

## परिच्छेद - ५

## सेवा गुणस्तर, सामाजिक सुरक्षा तथा सार्वजनिक स्वास्थ्य नियमन सम्बन्धी व्यवस्था

### ५.१ सेवा गुणस्तर सम्बन्धी व्यवस्था

५.१.१ नगरपालिकाले स्थानीय स्तरमा सञ्चालन हुने स्वास्थ्य सेवाहरूको न्यूनतम सेवा मापदण्ड तथा गुणस्तर निर्धारण गर्नेछ।

५.१.२ निर्धारित मापदण्ड अनुसार स्वास्थ्य सेवा सञ्चालन भए/नभएको सम्बन्धमा नियमित अनुगमन तथा निरीक्षण गरिनेछ।

५.१.३ स्वास्थ्य सेवा प्रदायकहरूले प्रचलित मापदण्ड, प्रोटोकल तथा निर्देशिकाको अनिवार्य रूपमा पालना गर्नुपर्नेछ।

५.१.४ सेवा प्रवाहको गुणस्तर सुधारका लागि समय-समयमा मूल्याङ्कन, सुधारात्मक कदम तथा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।

### ५.२ सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन

५.२.१ स्वस्थ सहर कार्यक्रममा नगरपालिकाले राष्ट्रिय र प्रादेशिक नीति अनुसार स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने छ।

क) नगरपालिकाले स्वस्थ सहर कार्यक्रममा स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी रुपले सञ्चालन गर्न आवश्यक थप रकम व्यवस्थापन, सहजीकरण, जनचेतना कार्यक्रम तथा अभियानहरु सञ्चालन तथा व्यवस्थापन गर्नेछ।

५.२.२ स्वस्थ सहर कार्यक्रममा आवश्यकता अनुसार अन्य सामाजिक सुरक्षा कार्यक्रमहरु निर्माण गरी सञ्चालन तथा व्यवस्थापन गर्नुपर्ने छ।

५.२.३ स्वस्थ सहर कार्यक्रम अन्तर्गत अति विपन्न नागरिक, न्यून आय

भएका एकल महिला, ज्येष्ठ नागरिक, दलित तथा शारीरिक अशक्त भएका व्यक्तिहरूका लागि नगरपालिकाले उपचार कोषको व्यवस्था गरी प्रचलित कानुन बमोजिम उपचार सेवा प्रदान गर्न सक्नेछ।

५.२.४ स्वस्थ सहर कार्यक्रममा नेपाल सरकारले तय गरेको निःशुल्क स्वास्थ्य सेवा कार्यक्रमहरुलाई प्रभावकारी बनाईनेछ र आवश्यक श्रोत तथा साधन अनुसार निःशुल्क वितरण गर्ने औषधि तथा सेवा संख्या थप गरिनेछ।

## ५.३ नसर्ने रोग तथा जोखिमजन्य व्यवहार नियन्त्रण

५.३.१ नसर्ने रोग (NCDs) बाट हुने बिरामी दर तथा मृत्यु दर न्यूनीकरण गर्न सम्बन्धित निकायसँग समन्वय गरी आवश्यक नीति तथा कार्यक्रम सञ्चालन गरिनेछ।

५.३.२ धुम्रपान, मध्यपान, अस्वस्थ्यकर खानपान तथा अन्य जोखिमजन्य व्यवहार नियन्त्रणका लागि जनचेतनामूलक तथा नियामक कार्यक्रम सञ्चालन गरिनेछ।

५.३.३ आवश्यकताअनुसार सुर्ती, मदिरा तथा स्वास्थ्यलाई हानी पुर्याउने वस्तुहरूको विज्ञापन, बिक्री तथा वितरणमा नियन्त्रण गरिनेछ।

५.३.४ नियम विपरीत बिक्री वितरण भएको पाइएमा प्रचलित कानुन बमोजिम दण्ड तथा जरिवाना गरिनेछ।

## ५.४ खाद्य तथा सार्वजनिक स्वास्थ्य नियमन

५.४.१ होटेल, रेस्टुरेन्ट तथा खाद्य व्यवसाय सञ्चालन गर्ने निकायहरूले तोकिएको मापदण्ड तथा गुणस्तर पालना गर्नुपर्नेछ।

५.४.२ खाद्य पदार्थको गुणस्तर, स्वच्छता तथा सुरक्षा सुनिश्चित गर्न नियमित अनुगमन तथा नियमन गरिनेछ।

५.४.३ स्वस्थ खानेपानी, वातावरणीय सरसफाइ, वायु तथा ध्वनि प्रदूषण

नियन्त्रणका लागि सम्बन्धित निकायसँग समन्वय गरी आवश्यक सुधारात्मक उपायहरू अवलम्बन गरिनेछ।

५.४.४ नियम उल्लङ्घन गर्ने निकायहरूलाई प्रचलित कानुन बमोजिम दण्ड तथा जरिवाना गरिनेछ।

## ५.५ सार्वजनिक स्वास्थ्य अनुगमन तथा नियन्त्रण

५.५.१ सडक दुर्घटना न्यूनीकरणका लागि सम्बन्धित निकायसँग समन्वय गरी अनुगमन तथा नियन्त्रणका कार्यक्रम सञ्चालन गरिनेछ।

५.५.२ जनस्वास्थ्यसँग सम्बन्धित जोखिमहरू पहिचान गरी समयमै नियन्त्रण तथा सुधारात्मक उपायहरू अवलम्बन गरिनेछ।

## ५.६ अनुगमन तथा मूल्यांकन

५.६.१ स्वस्थ सहर कार्यक्रमको वार्षिक उपलब्धि, चुनौती, सिकाइ तथा प्रभाव समेटिएको प्रतिवेदन तयार गरी नगर कार्यपालिकामा पेश गरिनेछ।

५.६.२ कार्यक्रमको पारदर्शिता तथा जवाफदेहिता सुनिश्चित गर्न सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाइ सञ्चालन गरिनेछ।

५.६.३ प्रमुख मापन सूचकहरू (WHO Healthy Cities का कार्यक्षेत्र अनुसार) निर्धारण गरी कार्यक्रमको नियमित मूल्याङ्कन गरिनेछ।

(क) सुशासन
नीति/योजना कार्यान्वयन, पारदर्शिता र निर्णय प्रक्रियामा जनसहभागिता।

(ख) स्वास्थ्य असमानता न्यूनीकरण
वञ्चित, जोखिममा परेका र सीमान्तकृत समुदायमा स्वास्थ्य सेवा पहुँच।

(ग) सबै नीति/कार्यक्रममा स्वास्थ्य समावेश

नगर विकास, शिक्षा, यातायात, वातावरण र आवास सम्बन्धी नीति-कार्यक्रममा स्वास्थ्य समावेश।

(घ) समुदाय विकास र सशक्तीकरण
स्वास्थ्य शिक्षा, जनचेतना अभियान, स्वयंसेविका/अभियानकर्ता तालिम र परिचालन।

(ङ) स्वास्थ्यमैत्री भौतिक/निर्मित वातावरण
फोहोरमैला व्यवस्थापन, स्वच्छता, स्वच्छ पानी, वायु/ध्वनि प्रदूषण नियन्त्रण।

(च) स्वास्थ्य र सामाजिक सेवामा पहुँच
प्राथमिक स्वास्थ्य सेवा उपलब्धता, खोप कवरेज, पोषण सुधार, रोग परीक्षण र उपचार।

(छ) योजना र प्राथमिकता निर्धारण
वार्षिक योजना कार्यान्वयन र लक्षित समूहमा सेवा वितरण।

(ज) सार्वजनिक स्वास्थ्य क्षमता र आपतकालीन तयारी
महामारी, प्राकृतिक विपद् (बाढी, पहिरो, गर्मी, वायु प्रदूषण) को तयारी, टोली गठन र तालिम सम्पन्नता।

(झ) शहरी आपतकालीन प्रतिक्रिया
सडक दुर्घटना, विपद्/महामारीमा तत्काल प्रतिक्रिया र राहत कार्यको प्रभावकारिता।

## परिच्छेद - ६
## महामारी नियन्त्रण तथा प्राकृतिक विपद् व्यवस्थापन सम्बन्धी व्यवस्था

### ६.१ द्रूत प्रतिक्रिया टोली गठन

६.१.१ स्वस्थ सहर कार्यक्रम अन्तर्गत महामारी तथा प्राकृतिक विपद् व्यवस्थापनका लागि नगरपालिका तथा वडा स्तरमा स्वास्थ्यकर्मीहरूको द्रूत प्रतिक्रिया टोली (Rapid Response Team) गठन गरिनेछ।

६.१.२ उक्त टोलीलाई आवश्यक तालिम, स्रोत तथा उपकरण उपलब्ध गराइनेछ।

## ६.२ महामारी नियन्त्रण तथा रोकथाम

६.२.१ स्थानीय स्तरमा रोगको प्रकोप वा महामारी देखिएमा नगरपालिकाले प्रभावित क्षेत्रको पहिचान गरी आवश्यक नियन्त्रणात्मक उपायहरू अवलम्बन गर्नेछ।

६.२.२ आवश्यकता अनुसार विद्यालय बन्द, सार्वजनिक कार्यक्रम स्थगन, आवागमन नियन्त्रण वा अन्य प्रतिबन्धात्मक उपायहरू लागू गर्न सकिनेछ।

६.२.३ महामारी नियन्त्रणका लागि जनचेतनामूलक कार्यक्रम, परीक्षण, उपचार तथा खोप अभियान सञ्चालन गरिनेछ।

## ६.३ समन्वय तथा स्रोत परिचालन

६.३.१ महामारी तथा विपद् व्यवस्थापनका लागि आवश्यक जनशक्ति, स्रोत तथा उपकरण परिचालन गरिनेछ।

६.३.२ आवश्यकताअनुसार छिमेकी स्थानीय तह, प्रदेश सरकार तथा संघीय सरकारसँग समन्वय तथा सहयोग माग गरिनेछ।

६.३.३ विकास साझेदार तथा सरोकारवाला निकायहरूसँग सहकार्य गरी प्रभावकारी कार्यान्वयन गरिनेछ।

## ६.४ जोखिम न्यूनीकरण तथा पूर्वतयारी (Preparedness)

६.४.१ महामारी, बाढी, पहिरो, गर्मी, वायु प्रदूषण तथा अन्य जोखिमजन्य अवस्थाहरूका लागि पूर्वतयारी योजना (Preparedness Plan) तयार तथा अद्यावधिक गरिनेछ।

६.४.२ जोखिमयुक्त क्षेत्रहरूको पहिचान गरी आवश्यक पूर्वसावधानी तथा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

६.४.३ आपतकालीन अवस्थाका लागि आवश्यक औषधि, उपकरण तथा जनशक्ति तयारी अवस्थामा राखिनेछ।

## ६.५ सुर्ती, मदिरा तथा हानिकारक पदार्थ नियन्त्रण

६.५.१ सुर्ती तथा मदिराजन्य पदार्थको बिक्री वितरणका लागि नगरपालिकाबाट आवश्यक अनुमति लिनुपर्नेछ।

६.५.२ खाद्य पदार्थ बिक्री गर्ने स्थानहरूमा सुर्ती तथा मदिराजन्य पदार्थ बिक्री वितरणमा आवश्यक नियन्त्रण गरिनेछ।

६.५.३ सार्वजनिक स्थानहरूमा धूम्रपान तथा मदिरा सेवन नियन्त्रणका लागि आवश्यक नियम तथा निषेधित क्षेत्र निर्धारण गर्न सकिनेछ।

६.५.४ नियम उल्लङ्घन गर्ने व्यक्तिहरू वा निकायहरूलाई प्रचलित कानुन बमोजिम कारबाही गरिनेछ।

## ६.६ सरसफाइ तथा फोहोर व्यवस्थापन

६.६.१ व्यक्तिगत, घरेलु तथा सामुदायिक सरसफाइका मापदण्ड तयार गरी कार्यान्वयन गरिनेछ।

६.६.२ घर तथा भवन निर्माण गर्दा शौचालय तथा फोहोर व्यवस्थापनको उचित व्यवस्था अनिवार्य गरिनेछ।

६.६.३ फोहोरमैला व्यवस्थापन, पुनःप्रयोग तथा कम्पोस्ट उत्पादनलाई प्रोत्साहन गरिनेछ।

६.६.४ सरसफाइसम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

## ६.७ वातावरणीय स्वास्थ्य तथा जलवायु परिवर्तन अनुकूलन

६.७.१ जलवायु परिवर्तनका कारण हुने स्वास्थ्य प्रभाव न्यूनीकरणका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

६.७.२ वायु प्रदूषण, तापक्रम वृद्धि, प्राकृतिक विपद् तथा अन्य वातावरणीय

जोखिम न्यूनीकरणका लागि आवश्यक उपायहरू अवलम्बन गरिनेछ।

६.७.३ वातावरणमैत्री तथा दिगो शहरी विकासलाई प्रोत्साहन गरिनेछ।

## परिच्छेद - ७
## विविध

**७.१ नसर्ने रोग नियन्त्रण सम्बन्धी व्यवस्था**

स्वस्थ सहर कार्यक्रम अन्तर्गत नसर्ने रोग (Non-Communicable Diseases) बाट हुने बिरामी दर तथा मृत्युदर न्यूनीकरण गर्न आवश्यक नीति, कार्यक्रम तथा अभियान सञ्चालन गरिनेछ।

**७.२ स्वस्थ सहर कार्यक्रममा राष्ट्रिय तथा प्रादेशिक अभियानलाई सघाउ पुर्‍याउनु पर्ने:** स्वास्थ्य सेवा सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड पूरा गर्न संघीय तथा प्रदेश सरकारले सञ्चालन गरेको अभियानलाई नगरपालिकाको जनस्वास्थ्य शाखाले समन्वय गर्नेछ।

**७.३ वैकल्पिक तथा परम्परागत चिकित्सा**

७.३.१ आयुर्वेद तथा अन्य वैकल्पिक चिकित्सकीय सेवाहरूलाई अभिलेखीकरण गरी नियमन गरिनेछ।

७.३.२ धामी–झाँक्री जस्ता अभ्यासहरूलाई सांस्कृतिक अभ्यासको रूपमा मान्यता दिँदै जनस्वास्थ्य जोखिम न्यूनीकरणका दृष्टिले आवश्यक नियमन गरिनेछ।

**७.४ साझेदारी तथा सहकार्य**

स्वस्थ सहर कार्यक्रम सञ्चालनका लागि अन्य सरकारी निकाय, निजी क्षेत्र, गैरसरकारी संस्था, ट्रस्ट तथा व्यक्तिहरूसँग साझेदारी तथा सहकार्य गर्न सकिनेछ।

## ७.५ स्वस्थ सहर कोष

### ७.५.१ कोषको लेखापरीक्षण

क) स्वस्थ सहर कार्यक्रम सञ्चालनका लागि नगरपालिका, प्रदेश, संघीय सरकार र दातृ निकायहरूबाट प्राप्त सबै रकम तथा योगदानहरूको वार्षिक लेखापरीक्षण अनिवार्य हुनेछ।

ख) लेखापरीक्षण नगर कार्यपालिकाले तोकेको योग्य लेखा परीक्षक वा सम्बन्धित निकायबाट गराइनेछ।

ग) कोषको वित्तीय पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्न लेखापरीक्षणको प्रतिवेदन नगर कार्यपालिकामा पेश गरिनेछ।

### ७.५.२ कोषको सार्वजनिक विवरण

क) स्वस्थ सहर कार्यक्रमको लागि प्राप्त, खर्च र बाँकी रकमको विस्तृत विवरण सार्वजनिक गरिनेछ।

ख) सार्वजनिक विवरणमा कोषको स्रोत, उद्देश्य, खर्चको वर्गीकरण र प्रतिवेदन उपलब्ध गराइएको मिति उल्लेख गरिनेछ।

ग) कोषको विवरण नियमित रूपमा वेबसाइट, स्थानीय सूचना बोर्ड वा वार्षिक प्रतिवेदनमार्फत नागरिक र सरोकारवालाको पहुँचमा ल्याइनेछ।

### ७.५.३ कोषको प्रभावकारिता र व्यवस्थापन

क) कोषको योजना, वितरण र खर्चले स्वस्थ सहर कार्यक्रमका लक्ष्य प्राप्त गर्न सहयोग पुर्याउने सुनिश्चित गरिनेछ।

ख) सञ्चालन तथा अनुगमन समितिले कोषको उपयोग, प्रभावकारिता र आवश्यक सुधारका लागि सिफारिस गर्नेछ।

**७.६ पुनरावेदन**

यस कार्यविधि बमोजिम गरिएको कारबाही उपर प्रचलित कानुन बमोजिम सम्बन्धित निकायमा पुनरावेदन गर्न सकिनेछ।

**७.७ बचाउ र लागू नहुने**

७.७.१ स्वस्थ सहर कार्यक्रम सञ्चालन कार्यविधिमा लेखिए जति कुरामा सोहि बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ।

७.७.२ यस कार्यविधिका कुनै प्रावधान संविधान, संघीय वा प्रदेश कानुनसँग बाझिएमा त्यस्तो बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ।

**७.८ संशोधन**

आवश्यकता अनुसार नगर कार्यपालिकाले यस कार्यविधिमा संशोधन गर्न सक्नेछ।

आज्ञाले
जग्दिश चन्द्र नेपाली
प्रमुख प्रशासकीय अधिकृत

प्रमाणीकरण मितिः २०८३ वैशाख ३१ गते
मूल्य रूः १५/-